**CEDB Hydropower Development Company Ltd.**

ISO 9001:2015 Certified

Ref No: CHDC/EL/38/081/82

मिति : भदौ ३०, २०८१

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र २९, २०८१ गते शनिबार बिहानको ९:०० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०७९/८० र आ.व. २०८०/८१ को वार्षिक साधारण सभा मिति आश्विन २१, २०८१ (अक्टोबर ०७, २०२४) गते सोमबार बिहानको १०:०० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**१. साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०७९/८० र आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने ।

ग) आ.व. २०८०/८१ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ङ) आ.व. २०८१/८२ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

च) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) कम्पनीको नाम परिवर्तन सहित प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

ख) उपरोक्त दुई आर्थिक वर्षको लागि चुक्ता पुँजीको ११ प्रतिशत बोनस शेयर (कर बाहेक) जारी गर्ने ।

ग) विशेष प्रस्ताव नं. (ख) बमोजिम बोनस शेयर जारी गरे पश्चात् कायम हुने चुक्ता पूँजीको ५४.५ प्रतिशत (१:०.५४५) हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

घ) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. विविध**

साथै उक्त वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति आश्विन ०७, २०८१ गते एक दिनको लागि बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति आश्विन ०६, २०८१ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजको लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनको लागि योग्य हुनेछन् ।

भवदीय,

.................
कोजोल कुन्डु
प्रशासन अधिकृत

CEDB HYDROPOWER DEVELOPMENT COMPANY LTD. KATHMANDU, NEPAL

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।